लिखु गाउँपालिकाको

# आर्थिक वर्ष ०८१/८२ का लागि सोह्रौ गाउँ सभामा

# उपाध्यक्ष श्री अस्मिता थापाद्वारा प्रस्तुत

## बार्षिक बजेट बक्तव्य

पेश मिति: २०८०/०३/१० गते

पारित मिति :२०८१/०३....../ गते

लिखु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुङ्गा

कोशी प्रदेश ,नेपाल

**सभाध्यक्ष ज्यू,**

यस गरिमामय सभामा लिखु गाउँपालिका उपाध्यक्षको हैसियतको नेपालको संविधान बमोजिम आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित छु ।

यस ऐतिहासिक क्षणमा सर्वप्रथम नेपालको स्वाधीनता, भौगोलिक अखण्डता, स्वतन्त्रता र लोकतन्त्र तथा सामाजिक न्यायका विभिन्न संघर्षमा शहादत प्राप्त गर्ने वीर वीरङ्गनाहरुप्रति श्रद्धासुमन व्यक्त गर्दछु । विभिन्न कालखण्डमा भएका समानता र स्वतन्त्रताको आन्दोलनमा भाग लिएर आजको यो व्यवस्थामा ल्याइ पुऱ्याउने तमाम अग्रजहरुप्रति सम्मान व्यक्त गर्दै समृद्ध नेपाल, सुखी नेपालीको आकांक्षा पूरा गर्ने राष्ट्रिय संकल्पमा अघि बढ्ने प्रण समेत गर्दछु । राष्ट्रिय अर्थतन्त्रमा पछिल्ला वर्षहरुमा देखिएको निराशा,उत्पादन र पुँजी निर्माणमा भइरहेको अन्यौल र राजनीतिक अस्थिरताको बाबजुद बलियो स्थानीय सरकारमार्फत जनताका आधारभूत आवश्यकता पूरा गर्न यो बजेट र कार्यक्रमले सबैको सहयोग खोजेको छ ।

**सभाध्यक्ष ज्यू ,**

अब म स्थानीय सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को वजेट उद्देश्य र प्राथमिकता प्रस्तुत गर्न चाहान्छु । यस वजेटका उद्देश्यहरु निम्नानुसार हुनेछन् ।

क) गाउँबासिहरुको गरिबी न्युनिकरण गर्दै जीवनस्तर सुधार गर्न न्युनतम आधारभुत आवश्यकताहरुको परिपुर्ति गर्न ।

ख) संघीय ,प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न अनुदानहरुको महत्तम परिचालन गर्दै गाउँपालिका भित्र रहेका स्रोत साधन, राजस्वको पहिचान र परिचालन गरि गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्न ।

ग) सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई प्रेरित गर्दै भौतिक तथा सामाजिक पुर्वाधार तयार पारि समुन्नत, सुदृढ, स्वाधिन, समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गर्न ।

घ) कृषि पशुपन्छी, उद्योग, व्यापार, पर्यटन, दिगो पुर्वाधार, सिंचाई, खानेपानी, विद्युत, ईन्टरनेट, खेलकुद, महिला विकास, क्रियाकलाप, दिगो पूर्वाधार सेवा सञ्चालन वा विस्तार गर्न ।

ङ) कोभिड-१९ महामारी लगायत अन्य विपदका अबस्थ सँग लड्न सक्ने स्वास्थ्य क्षेत्र साथै प्रशासनिक संरचना चुस्तदुरुस्त गरी रिक्त दरबन्दी पदपूर्ती गरिनुका साथै क्षमता विकास गर्नु ।

**आर्थिक वर्ष ०८/१८ २का प्राथमिकता निम्नानुसार प्रस्तुत गरेको छु ।**

क) स्थानीय तह भित्रको शिक्षा, स्वास्थ्य, आवास र रोजगारीजस्ता आधारभुत मानवीय आवश्यकताहरुको परिपुर्ति गर्ने क्षेत्रहरुको विकास र प्रवर्धन ।

ख) उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्न कृषि, पर्यटन, जलस्रोत तथा उद्योग लगायतका क्षेत्रमा पुँजी विकास परिचालन ।

ग) भौतिक सामाजिक पुर्वाधारहरुको विकास गरि सडक विस्तार जलविद्युत जस्ता क्षेत्रहरुको निर्माण, विकास र विस्तार ।

घ) विपद् महामारीलाई मध्यनजर गरि त्यस बाट पर्ने असरलाई न्यूनिकरण गर्नु ।

ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकम उपयोग गरि महिला बालबालिका , पिछडिएका क्षेत्र ,समूदायलाई लैंङगिक समानता तथा सामाजिक समावेशीकरण , दिगो विकास वातावरण संरक्षण तथा सम्बर्धन गर्न भाषिक तथा सामाजिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने ।

च) उत्पादन मूलक छिटो प्रतिफल दिने जनताको जीबन स्तर आम्दानी तथा रोजगारी बढ्ने स्थानीय सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने आर्थिक विकास, गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने।

छ) स्थानीय सरकारको आधार सुशासन नैतिक र सदाचार भन्ने अभिप्रायका साथ आम नागरिकलाई गुणस्तरिय, परिणाममुखि, छिटो छरितो सेवा प्रदान गर्न ।

ज) प्राकृतिक प्रकोपको न्युनिकरण ,पर्यावरणीय संरक्षण र हरियाली प्रवर्धन गर्न ।

यस स्थानीय सरकारले वजेटको उद्देश्य हासिल गर्न, प्राथमिकतालाई कार्यान्वयन गर्न, सघं र प्रदेशसँग सहकार्य, समन्वय र साझेदारी गर्नेछ ।

**सभाध्यक्ष ज्यू,**

**अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित प्रस्तुत गर्न गई रहेको छु ।**

<u>कृषि तथा पशुपन्छीः</u>

१) यस गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन बाली संरक्षण, बिउ विजन, बिसादी खरिद तथा वितरण सम्बन्धी कार्य संचालन गरीनेछ ।

२) मौरी पालन व्यवसायलाई प्रवर्धन गरी मह उत्पादन बढाउन मौरी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

३) कृषि, बाली तथा पशुपन्छीजन्य महामारी रोग नियन्त्रणमा बिशेष प्राथमिकता दिईनेछ ।

४) नगदेवाली, अलैची, अदुवा, बेसार तथा फलफुल तथा ओखर उत्पादनमा विशेष क्षेत्रको रुपमा बिकास गरिनेछ ।

५) बाख्रा तथा गाईको पकेट विकास कार्यक्रम संचालन गरिनेछ ।

६) दीर्घकालिन बिषादी मुक्त कृषि उत्पादन वृद्धि गर्ने र प्रांगरिक किटनाशक बिषादी उत्पादन गर्ने तर्फ किसानहरुको बीचमा बिशेष अभियानका कार्यक्रमहरु संचालन गरिनेछ।

७) गाउँपालिका क्षेत्रभित्र बिउ बैंक, कोल्ड स्टोर संचालनमा ल्याईनेछ ।

८) स्थानिय तहलाई माछा मासु तथा दुग्ध जन्य पदार्थमा आत्म निर्भर बनाई निर्यातयोग्य वस्तुको रुपमा बिकास गर्न पशुपालनको क्षेत्रमा संभाव्यता अध्ययन गरि उल्लेखित क्षेत्रमा पशु बीमा गरिनेछ र उत्पादकत्व रोजगार, राजस्वमा पुग्ने योगदानको आधारमा निजि क्षेत्रमा संस्थालाई प्रोत्साहन गरिनेछ । दुधडेरी तथा कृषि संकलन केन्द्रको व्यबस्था गरिने छ ।

९) बालि तथा पशुजन्य महामारी रोग नियन्त्रण कार्यक्रम लागु गरिनेछ ।

१०)गाउँपालिकाको विकास र समृद्धिको मार्गलाई अगाडि बढाउनको लागि तीन खम्बे अर्थ नीतिको मूल ध्येयलाई आत्मसाथ गर्दै सार्वजनिक नीजि र सहकारी क्षेत्रको समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्न सहकारी क्षेत्रको विकास र उनन्यन तथा प्रवर्द्धन साथै सहकारीलाई कृषिमा जोड्नको लागि बिभिन्न उपभोग्य सामाग्रीको व्यवस्थापन गर्नका साथै समग्र सहकारी क्षेत्रको विकासका लागि जोड दिईनेछ

११)सहकारी सम्बन्धी कोपोमिस तालिमको सञ्चालन गरिनेछ ।

१२)माथी उल्लेखित कृषि, सहकारी र पशुपन्छीसँग सम्वन्धित कार्यक्रमहरु संचालन गर्नका लागि जम्मा **७१ लाख ६८ हजार** बिनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

**<u>शिक्षा ,युवा तथा खेलकुदः</u>**

१३)जीवनोपयोगी, सीपमुलक तथा प्रविधियुक्त शिक्षामा जोड दिई दक्ष जनशक्ति विकास गरिनेछ । प्राविधिक शिक्षालय स्थापना गर्नलाई संभाव्यता अध्ययन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१४)बिद्यालय जाने उमेरका सवै बालवालिकाको बिद्यालय भर्ना सुनिश्चित गरिनेछ।

१५)बालविकास केन्द्रहरुलाई विशेष प्राथमिकतामा लिई आवश्यक स्रोत साधन सम्पन्न बनाई संचालनमा जोड दिइनेछ । बालविकास केन्द्र तथा सामुदायिक अध्ययन केन्द्रमा कार्यरत सहकर्तालाई गाउँपालिकाको तर्फबाट थप पारिश्रमिक उपलब्ध गराईनेछ ।

१६)सुचना प्रबिधि मैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पुर्वाधारको व्यवस्था मिलाइनेछ । विद्यालयमा प्रविधिको विस्तार तथा शैक्षिक सामग्री निर्माणका लागि सहयोग गरिनेछ । आवश्यकता अनुसारको दरवन्दी मिलान गर्दै लगिनेछ ।

१७)ग्रामोदय युगकवी सिद्धिचरण माध्यमिक बिद्यालयलाई नमुना बिद्यालयको रुपमा विकास गर्नको लागि पूर्वाधार विकास लगायतका प्रशासनीक सुधारका कार्यहरु गरिनेछ ।

१८) विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम तथा विद्यालयमा बिभिन्न कार्यक्रहरु स्थानीय पाठ्यक्रम निर्माण र कार्यन्वयन गरिनेछ ।

१९) सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई व्यवस्थित रुपमा सेनिटरी प्याड वितरण गरिनेछ ।

२०) सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाका लागि गुरुयोजना बनाइ शिक्षाको स्तरोन्नती गरिनेछ ।

२१) खेल र खेलाडिलाई प्रोत्साहन गर्दै खेलबाट गाउँपालिकालाई चिनाउने अभियान सहित गाउँपालिका स्तरीय विद्यालय तहमा राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ ।

२२) बिद्यालय शिक्षामा खेलकुद तथा संगितको विकास तथा विस्तारको लागि खेल शिक्षक, संगित शिक्षकको व्यवस्था गरिनेछ ।

२३) शिक्षा, युवा तथा खेलकुद तर्फ माथि उल्लेखित कार्यक्रम कार्यान्वयन गर्नको लागि **१४ करोड ५८ लाख ७ हजार** विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

**स्वास्थ्यः**

२४) गाउँपालिकामा प्रत्येक वडाका स्वास्थ्य संस्थाहरुमा दक्ष जनशक्ति, निःशुल्क औषधी, उपकरण तथा प्रविधि सहितको नेपालको संविधानले प्रत्याभुति गरे वमोजिम स्वास्थ्य सेवाको पँहुचको सुनिश्चितता प्रदान गरिनेछ ।

२५) सवै स्वास्थ्य संस्थामा वर्थिङ सेन्टरलाई विस्तार गरिनेछ । वर्थिङ सेन्टरका लागि आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ ।

२६) आकस्मिक रुपमा दिइने प्रसुति सेवा जस्ता महत्वपुर्ण सेवाको लागि आवश्यक थप जनशक्तिको व्यवस्था मिलाइनेछ ।

२७) सवैका लागि निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सार्थक बनाउन स्वास्थ्य सुधार कार्यक्रमलाई निरन्तरता दिनेछ ।

२८) स्वास्थ्य संस्थाको खम्वाको रुपमा रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरुको निस्वार्थ र बिना पारिश्रमिक गरिएको अमुल्य सेवालाई उचित सम्मानका साथ प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२९) गाउँपालिकामा स्वास्थ्य विमा कार्यक्रम अनिवार्य तथा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

३०) स्वास्थ्य संस्थाहरुलाई आवश्यकता अनुसार भौतिक सामाग्रीको व्यवस्था गरिनेछ । स्वास्थ्य संस्थाहरुमा रहेका कर्मचारीहरुलाई क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ ।

३१) जेष्ठ नागरिक पूर्ण अपाङ्गता भएका नागरिकलाई सवै वडामा चिकित्सक सहितको घुम्ति टोली मार्फत स्वास्थ्य परीक्षण गरिनेछ । ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम निरन्तरता दिईनेछ ।

३२) निर्माण सम्पन्न पाँच शैयाको अस्पतालबाट सेवा प्रवाह व्यवस्था मिलाईनेछ ।

३३) गाउँपालिकास्तरीय डेन्टल किल्निकको स्थापना तथा सञ्चालन गरिनेछ ।

३४) नागरिकसँग सरकार रहेको अनुभूति हुने गरी **कोख देखि सोख सम्म**को कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

३५) स्वस्थ शरीर र सकारात्मक सोच सहितको व्यक्तित्व बिकास गर्नका लागि ध्यान योग जस्ता कार्यक्रममा जोड दिइनेछ । गाउँपालिका भित्रका जडिवुटी र औषधीहरुको सदुपयोग गर्दै औषधी प्रवर्धनमा जोड दिइनेछ ।

३६) आयुर्बेद घुम्ति शिविर कार्यक्रम सञ्चालन गरिनेछ । आयुर्वेदिक मातृ सुरक्षा कार्यक्रम साथै योग शिविर कार्यक्रम संचालन गरिनेछ ।

३७) स्वास्थ्य सेवा सम्बन्धी उल्लेखित कार्य गर्नको लागि **४ करोड १६ लाख ४ हजार** बजेट बिनियोजन गरेको छु ।

**<u>लैंगिक समनता तथा सामाजिक समावेशीकरणः</u>**

३८) लिंगको आधारमा हुने विभेदको अन्त्य गर्दै सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न र सोही बमोजिमको कार्यक्रम सञ्चालन गर्दै समाजमा देखिएका लिङ्ग तथा जातको आधारमा गरिएका भेदभाबलाई न्यूनिकरण गरिनेछ ।

३९) गर्भवती तथा सुत्केरीको लागि निःशुल्क एम्बुलेन्स सेवा, उपाध्यक्षसँग गर्भवती तथा सुत्केरी महिला भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।

४०) महिलाहरुको विभिन्न समस्या तथा गुनासो सुनुवाईको लागि उपाध्यक्ष सहायता कक्षको निरन्तर सञ्चालन गरिनेछ ।

४१) मृत्यु संस्कारमा गाउँपालिको तर्फबाट समवेदना पत्र सहित भेटघाट कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

४२) महिलाहरुको क्षमता अभिबृद्धि गरि आर्थिक पहुँचमा निर्भर बनाउनको लागि बिभिन्न चेतनामूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४३) सामाजिक न्याय सहितको समुन्नत समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरु जस्तै वालविवाह, वहुविवाह, घरेलुहिंसा जस्ता समाजमा हुने विकृति सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४४) करुणा फाउण्डेसनसँगको साझेदारीमा अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

४५) लैंगिक समनता तथा सामाजिक समावेशीकरणको लागि **५७ लाख ९७ हजार** बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष ज्यू,**

**पूर्वाधार विकास ,खानेपानी ,सिचाई तथा उर्जा:**

४६) गाउँपालिकाका प्रमुख सडकलाई १२ महिना सवारी साधन चल्न योग्य हुने गरी सडक निर्माणमा प्राथमिकता दिईनेछ ।

४७) गाउँपालिका गौरवको आयोजनाको रुपमा बिचारी आहाल देखि गाउँपालिका केन्द्र, बाघखोरडाँडा देखि चीउरीडाँडासम्म सडक कालोपत्रे आयोजनालाई

निरन्तरता दिईनेछ तथा माहुँरडाँडादेखि गाउँपालिका केन्द्रसम्म सडक कालोपत्रेको लागि स्तरोन्नति गरिनेछ ।

४८) गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको लागि साझेदारी आयोजना सञ्चालनको लागि साझेदारी रकमको व्यवस्था मिलाईने छ ।

४९) गाउँपालिका क्षेत्रमा रहेका मुख्य-मुख्य सडकसँग जोडिएका महत्वपुर्ण खोलानालामा मोटरेवल पुल निर्माण कार्यलाई अगाडी बढाउन पहलकदमी गरिनेछ । भौतिक पुर्वाधार सम्वन्धी दिगो विकास संचालनार्थ गुरु योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

५०) गाउँपालिका, वडा, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, आमा समूह सञ्जाल, खोप केन्द्र र बिद्यालयहरुको व्यवस्थित भवनका लागि प्राथमिकताका साथ क्रमशः भवन निर्माण कार्य संचालनको व्यवस्था मिलाइनेछ ।

५१) अव निर्माण हुने भौतिक पुर्वाधारहरु अपाङ्ग मैत्री, वालमैत्री हुने सुनिश्चितताको प्रतिवद्धताका साथ आवश्यक व्यवस्था मिलाइनेछ ।

५२) यस गाउँपालिकासँग पश्चिम तर्फ जोडिएको लिखु खोलामा अत्यावश्यक स्थलहरुमा पक्कि पुल निर्माणमा पहल गरिनेछ साथै निर्माणाधिन पुलहरुको सिघ्र कार्य सम्पादनको लागि जोड दिइनेछ ।

५३) गाउँपालिका भित्र रहेका खेती योग्य जमिनहरुको लागि सिंचाई सुविधा उपलब्ध गराउन विभिन्न संघ संस्थाहरुसंग साझेदारीमा सिंचाई आयोजनाहरु संचालन गरिनेछ ।

५४) मुख्य सडक, पर्यटन, खानेपानी, भवन, सिंचाई लगायतका पूर्वाधार विकासको लागि संघ प्रदेशसँगको साझेदारी आयोजना सञ्चालन गरिनेछ ।

५५) गाउँपालिका स्तरीय गौरवका योजनाहरुलाई कार्यान्वयन गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

५६) दिगो, व्यवस्थित एवं स्वच्छ खानेपानीको व्यवस्थनको लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

५७) तत्कालीन उर्जा बिकासको लागि स्थानिय स्तरमा रहेका लघु जलविद्युत आयोजनालाई मर्मत सम्भार गरी सञ्चालन गरिनेछ भने यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा केन्द्रिय बिद्युत प्रसारणको कार्य यस आर्थिक बर्षमा पुरा गर्न पहल गरिनेछ ।

५८) वैकल्पिक उर्जा अन्तर्गत बायो ग्यास प्रबिधिको बिकास गर्न उपभोक्तालाई निश्चित मापदण्डका आधारमा वायो ग्यास स्थापना र संचालन गर्न अनुदान उपलब्ध गराइनेछ ।

५९) पूर्वाधार विकास, खानेपानी सिंचाई तथा उर्जाका आयोजनाहरु कार्यान्वयनका लागि **१० करोड ४८ लाख ६ हजार** बजेट बिनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

**वन वातावरण तथा विपद् व्यवस्थापनः**

६०) गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने जडिवुटी तथा वन पैदावरसँग सम्वन्धित उद्योगहरु स्थापनाको लागि सहजिकरण गरिनेछ यस्ता उद्योगमा सहकारी, निजि र सहकारीको साझेदारी रहनेछ ।

६१) जलवायु परिवर्तनबाट हुने असरहरुको रोकथामका लागि स्रोत संरक्षणका कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि वढाइनेछ ।

६२) स्थानिय वातावरणको अनुकुलका वन पैदावारका बिस्तार विविधिकरण र वातावरण संरक्षणको व्यवस्था गरिनेछ ।

६३) विपद् रोकथाम तथा प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ । प्रकोप तथा विपद् व्यवस्थापनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

६४) विपदमा परेका नागरिकको उद्धारका लागि सहुलियत स्वरुप सहयोग प्रदान गरिनेछ यसका लागि विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छ ।

६५) वातावरण तथा विपद् व्यवस्थापनका कार्यक्रमहरु कार्यान्वयनका लागि **२० लाख ३७ हजार १ सय ७६** बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

**पर्यटनः**

६६)लिखु गाउँपालिका भित्र रहेका सम्पुर्ण पर्यटकीय स्थलहरुलाई पुर्वाधार निर्माण गरी व्यवसायीक रुपमा लगानी गर्न निजि क्षेत्र तथा सहाकारीहरुलाई प्रोत्साहन गरिनेछ ।

६७)प्राकृतिक प्रकोपको समयमा मानविय उद्दारका लागि प्रत्येक वडाहरु क्रमशः हेलिप्याड निर्माणलाई प्राथमिकता दिइनेछ ।

६८)गाउँपालीका भित्र रहेका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।

६९)पर्यटकीय गन्तव्यहरुमा होमस्टे तथा होटल सञ्चालनको लागि आवश्यक सीपमूलक तालिमको व्यवस्था गरिएको छ ।

७०)पर्यटन विकासको लागि **३५ लाख** बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष ज्यू,**

**सामाजिक सुरक्षा तथा न्यायः**

७१)लैङ्गिक सचेतना कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ ।

७२)घरेलु हिंसा, जातीय विभेद, छुवाछुत सम्बन्धी कुरिती अन्त्यका लागि सचेतना अभिवृद्धि गर्दै तत् सम्बन्धी प्रचलित कानुनलाई प्रभावकारी कार्यान्वयन गर्न प्रेरित गरिनेछ ।

७३)बालवालिकाहरुको हक अधिकार र संरक्षण सम्बन्धी गतिविधि संचालन गर्दै, वालमैत्री, अपाङ्गमैत्री पुर्वाधार बिकासमा ध्यान दिईनेछ ।

७४)जेष्ठ नागरिक, अपाङ्ग एवं असहाय महिला आदिलाई परिचय पत्रको व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७५)महिलाको उत्थान र सम्वृद्धिका लागि सीप मुलक तालिम संचालन गरिनेछ।

७६) संघीय सरकारबाट प्रदान गरिने सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज तथा चुस्त दुरुष्त बनाईनेछ । यसको लागि **आवश्यक बजेट** विनियोजन गरेको छु ।

**उद्यमशिलता गरिबी निवारण तथा रोजगारी सिर्जनाः**

७७) नेपालको संविधानमा उल्लेखित जनताको मौलिक हक, सम्बन्ध नीति साथै दिगो बिकासको लक्ष्य अनुसार गरिवी घटाउने कार्यका लागि आवश्यक रणनिति तय गरी संचालन गरिनेछ ।

७८) गाउँपालिकामा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारमा प्रत्याभुति गर्नको लागि गाउँपालिकाका विकास निर्माणका आयोजनाहरु श्रममुलक प्रविधिमा प्राथमिकता दिइनेछ साथै ती विकास निर्माणका आयोजनाहरुमा यस गाउँपालिकाको बेरोजगारको सूचीमा सुचिकृत व्यक्तिहरुलाई काममा अनिवार्य लगाउने व्यवस्था मिलाईनेछ ।

७९) गाउँपालिका क्षेत्रभित्रका बिपन्न तथा गरिव युवाहरुलाई स्थानीयस्तरमै रोजगारी सृजना गर्न बिभिन्न सीपमूलक तालिमको व्यवस्था गरिनेछ । बेरोजगार यूवाको लागि यूवा रुपान्तरण कार्यक्रम संचालन गरिनेछ । साथै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समन्वयात्मक रुपमा प्रभावकारी कार्यान्वयन गरिनेछ ।

८०) गाउँपालिका भित्र रहेका प्राकृतिक साधन र स्रोतको उच्चतम प्रयोग गर्दै घरेलु तथा साना उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

८१) स्थानीय स्रोत, साधन सीप र जनशक्तिलाई प्रयोग गरि खाडी, अल्लो, ढाका, सिलाई कटाई ढाका बुनाई जस्ता सिपमुलक उत्पादन गर्न विपन्न, गरिब महिलाहरुलाई प्राथमिकता दिई सिपमूलक तालिमको व्यवस्था मिलाईनेछ ।

८२) रोजगारी सिर्जना, उद्योग तथा सिप विकासका कार्यक्रम कार्यान्वयनको लागि **९७ लाख २२ हजार** बजेट विनियोजन गरेको छु।

**सभाध्यक्ष ज्यू,**

**<u>सुशासन तथा सार्वजनिक सेवा प्रवाहः</u>**

८३) कानुनको शासन, प्रत्येक नागरिको मौलिक हकलाई प्रत्याभूत गराउनको लागि सुरक्षा संयन्त्रलाई समन्वयात्मक ढंगबाट भूमिका निर्वाह गरिनेछ। अस्थायी प्रहरी चौकी यसमलाई आवश्यक भौतिक व्यवस्था मिलाइनेछ ।

८४) नागरिक सुरक्षा र जनचेतनाको लागि सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई अझ प्रभावकारिताका साथ कार्यान्वयन गर्न समन्वय गरिनेछ ।

८५) गाउँ कार्यपालिकामा भएका जनचासोका सूचना, निर्णय तथा क्रियाकलापहरुको सार्वजनिकीकरण गरिनेछ ।

८६) चुस्त, दुरुस्त, सक्षम कर्मचारी संगठनको व्यवस्था गर्दै जनताका काम छिटो छरितो गरि सम्पादन गर्ने व्यवस्था मिलाइनेछ ।

८७) सुशासनलाई प्रवर्धन गर्नको लागि सुचना प्रविधिलाई प्राथमिकतामा राखि प्रभावकारी प्रशासन नीति अवलम्बन गरिनेछ ।

८८) सुचना प्रविधिको प्रयोगबाट कार्य सम्पादनलाई प्रभावकारी तथा जवाहदेही वनाउनको लागि E-governance system अपनाइनेछ । यसको लागि सुचना प्रविधिको नयाँ अबधारणाहरु प्रयोगमा ल्याइनेछ र विद्यालय, स्वास्थ्य संस्था पर्यटकीय क्षेत्रहरुमा इन्टरनेटको व्यबस्था क्रमश मिलाईनेछ ।

८९) नयाँ संरचना, कर्मचारी अभाव, भौगोलिक कठिनाई, कानूनी अस्पष्टता र अन्यौलताका बावजूद पनि सार्वजनिक सेवा प्रवाह र सुशासनलाई पहिलो प्राथमिकता दिंदै जनताको सुख दुःखमा अभिभावकत्व ग्रहण गर्दै प्रभावकारी सार्वजनिक सेवा प्रवाह मार्फत गाउँ गाउँमा सिंहदरवारको अनुभूति गराउन स्थानीय सरकार सदा प्रयत्नशील रहनेछ ।

९०) स्थानीय सरकारले लिएका नीतिहरुको कार्यान्वयनबाट स्थानीय नेतृत्वको विकास र स्थानीय शासन पद्धति सुदृढ हुने प्रशस्त आधारहरु तयार भएका छन् ।

९१) विवाद समाधानको लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई न्यायीक समिति मार्फत थप प्रभावकारी बनाईनेछ । मेलमिलाप मार्फत विवाद समाधान गरी शान्ति स्थापना गर्न प्रभावकारी रुपमा कार्यक्रमहरु सञ्चालन गरि मेलमिलाप कर्तालाई प्रोत्साहित गर्दै लगिनेछ ।

९२) प्राविधिक कर्मचारीहरुलाई प्रोत्साहन गर्न कार्य प्रकृति अनुसारको फिल्ड भत्ताको व्यवस्था गरिनेछ ।

९३) सार्वजनिक सेवा सञ्चालन तथा सुशासन प्रवर्धनका लागि रु **७ करोड २१ लाख ४ हजार ९ सय ९९** वजेट बिनियोजन गरेको छु ।

**सभाध्यक्ष ज्यू,**

९४) आगामी वर्षका निति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न जम्मा **३९ करोड २९ लाख ९० हजार १ सय ७५** मध्ये चालु तर्फ २७ करोड ७५ लाख २९ हजार ५ सय ८५ (७० प्रतिशत) र पूँजीगत तर्फ ११ करोड ५४ लाख ६० हजार ५ सय ९० (३० प्रतिशत) विनियोजन गरेको छु भने आयश्रोतहरु देहाय बमोजिम रहेका छन् ।

| सि.नं. | श्रोत | अनुमान |
|---|---|---|
| १ | संघीय राजश्व बाँडफाँड अनुदान | ७ करोड १६ लाख ९९हजार ९ सय ९९ |
| २ | प्रदेश राजश्व बाँडफाड अनुदान | २३ लाख ६७ हजार |
| ३ | संघीय समानीकरण अनुदान | ७ करोड ४८ लाख |
| ४ | प्रदेश समानीकरण अनुदान | ४३ लाख ५ हजार |
| ५ | प्रदेश समपूरक अनुदान | १ करोड |
| ६ | संघीय विशेष अनुदान | १ करोड ५ लाख |
| ७ | संघीय सशर्त अनुदान | १९ करोड ४१ लाख २९ हजार |
| ८ | प्रदेश सशर्त अनुदान | १ करोड २१ लाख २४ हजार |
| ९ | आन्तरिक श्रोत अनुमान | १ करोड ३० लाख ६५ हजार १ सय ७६ |
| **जम्मा** | | **३९ करोड २९ लाख ९० हजार १ सय ७५** |

**सभाध्यक्ष ज्यू,**

यो बजेट तर्जुमाको सिलसिलामा मार्ग निर्देशन गर्नु हुने आदरणीय अध्यक्ष ज्यु, विषयगत समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु तथा सम्पुर्ण सभाका सदस्यप्रति म आभार तथा धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा बजेट कार्यान्वयनमा निरन्तर सहयोग पुर्याउनका लागि सबै पक्षको पुर्ण सहयोग प्राप्त हुने बिश्वास लिएको छु ।

**धन्यवाद।**

अस्मिता थापा

उपाध्यक्ष एवं संयोजक

बजेट तथा कार्यक्रम तर्जुमा समिति